# नार्पा भूमि ब्यूटिफिकेशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

कार्यपालिकामा पेश मितिः २०८२।०८।०६

कार्यपालिकाबाट पारित मितिः २०८२।०८।०६

प्रमाणित मितिः २०८२।०८।१२

**प्रस्तावनाः**

नार्पा भूमि गाँउपालिकाभित्र रहेका हिमश्रृङखल, नारफू ट्रायाल, हिमाल आरोहणका बेसक्याम्प, पास, भञ्ज्याङहरुको सौन्दर्यकरण तथा व्यवस्थित गर्न, प्राचिन र पुरातात्विक महत्वका संरचना र भग्नावशेषहरुको संरक्षण, जगेर्ना तथा प्रचार-प्रसार गर्न, प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र पर्यटन सम्भावनाले सम्पन्न नार्पा भूमि गाउँपालिकालाई पर्यटकमैत्री, हरियालीयुक्त र आधुनिक शहरी स्वरुपमा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न, सार्वजनिक स्थानहरुको व्यवस्थित व्यवस्थापन, सौन्दर्यकरण, पर्यटकका लागि आवश्यक आधारभूत पूर्वाधारको निर्माण तथा संरक्षण कार्यलाई संस्थागत ढंगले अगाडि बढाउन, गाउँपालिकाको भौतिक पूर्वाधारमा सुधार गर्न, गाउँपालिका भित्र रहेका हिमश्रृङ्खला, पर्यटनको प्रवर्द्धन गरी स्थानीय आय वृद्धि गर्न र सामुदायिक जीवनस्तर उकास्न वाञ्छनीय भएकोले स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधिको व्यवस्था गरिएको छ ।

**१. संक्षिप्त नाम, लागू क्षेत्र र प्रारम्भ**

१.१. यस कार्यविधिको नाम "नार्पा भूमि गाउँपालिका ब्यूटिफिकेशन कार्यान्वयन कार्यविधि, २०८२" हुनेछ ।

१.२. यो कार्यविधि नार्पा भूमि गाउँपालिकाभित्र मात्र लागू हुनेछ ।

१.३. यो कार्यविधि गाउँकार्यपालिकाको निर्णय मितिबाट लागू हुनेछ ।

**२. परिभाषा**

यस कार्यविधिमा प्रयुक्त शब्दावलीका अर्थ यसप्रकार रहनेछन्–

(क) **"गाउँपालिका"** भन्नाले नार्पा भूमि गाउँपालिका बुझिन्छ।

(ख) **"सौन्दर्यकरण" (Beautification)** भन्नाले गाउँपालिका भित्र सार्वजनिक स्थललाई आकर्षक, स्वच्छ र पर्यटकमैत्री बनाउन गरिने संरचना निर्माण, मर्मत तथा व्यवस्थापन कार्यलाई बुझिन्छ।

(ग) **"संरचना"** भन्नाले पानीको धारा, सार्वजनिक शौचालय, डस्टबिन, खाडल, पार्कमा बेन्च, फलैचा, पाटि, प्रतिक्षालय, प्राचिन र पुरातात्विक संरचनाहरु समेतलाई बुझिन्छ।

(घ) **"पर्यटक"** भन्नाले आन्तरिक तथा बाह्य (विदेशी) पर्यटक दुवैलाई बुझिन्छ।

(ङ) **"सम्बन्धित समिति"** भन्नाले गाउँपालिकाद्वारा तोकिएको योजना कार्यान्वयन, अनुगमन तथा व्यवस्थापन समिति बुझिन्छ।

(च) **"स्थानीय समुदाय"** भन्नाले गाउँपालिकाभित्रका टोल, उपभोक्ता समिति, संघसंस्था, समूहलाई बुझिन्छ ।

CamScanner

३. उद्देश्य

३.१ गाउँपालिकालाई सौन्दर्यकरण गर्दै पर्यटकमैत्री वातावरण सिर्जना गर्नु।

३.२ आवश्यकता अनुसार संरचना निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने।

३.३ सार्वजनिक स्थललाई स्वच्छ, आकर्षक र उपयोगी बनाउने।

३.४ पर्यटकलाई सहज र व्यवस्थित सुविधा प्रदान गर्ने।

३.५ पर्यटन प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटक आगमन वृद्धि गर्ने।

३.६ स्थानीय समुदायलाई पर्यटन विकासमा सहभागी गराई आर्थिक तथा सामाजिक लाभ प्राप्त गर्ने।

३.६ उच्च हिमाली क्षेत्रका पर्यटकीय, धार्मिक, परम्परागत र पौराणिक संरचनाहरुको संरक्षण व्यवस्थापन र प्रवर्धन गर्ने ।

४. कार्यक्षेत्र: १) गाउँपालिकाभित्रका सार्वजनिक स्थल, धार्मिक स्थल, पर्यटकीय स्थल, सडक, चौक, पार्क, बजार क्षेत्र, पदमार्ग लगायत यस कार्यविधिको देहायका कार्यक्षेत्रमा लागु गरिनेछ ।

१.१ पानीको धारा, सार्वजनिक शौचालय, डस्टबिन स्थापना र व्यवस्थापन।

१.२ पार्क तथा विश्रामस्थलमा बेन्च, फल्चा, पाटी पौवा, प्रतिक्षालयको निर्माण।

१.३ बाटो, चोक र प्रवेशद्वारलाई आकर्षक बनाउने।

१.४ वातावरणमैत्री र हरियाली विकास गर्ने (बोटबिरुवा, फूलबगैंचा)।

१.५ सूचना पाटी, साइनेज र पर्यटक मार्गदर्शन सामग्रीको व्यवस्था।

१.६ सम्पदा, मणि, छोर्तेन, गुम्बा, मणिशिला, पौराणिक ढाँचाका घरहरु, पवित्र गुफा र झरना, तीर्थ स्थलहरु, संस्कृति र पर्यटक स्थलको संरक्षण र प्रचार-प्रसार।

२) उपदफा २ बमोजिमका कार्यक्षेत्रहरुको सरसफाईका लागि म्यादी कर्मचारी समेत भर्ना गर्न सकिनेछ ।

५. कार्यान्वयन समिति

५.१ गाउँपालिकाले "ब्यूटिफिकेशन कार्यान्वयन समिति" गठन गर्नेछ।

५.२ समितिको संरचना:

- अध्यक्ष - गाउँपालिका अध्यक्ष
- सदस्य- उपाध्यक्ष
- सदस्य - प्रमुख प्रशासकीय अधिकृत
- सदस्य - वडा अध्यक्षहरु
- सदस्य - पर्यटन/पूर्वाधार सम्बन्धित विषयगत अधिकृत
- सदस्य - कार्यपालिकाले तोकेको स्थानीय सरोकारवाला/सामुदायिक प्रतिनिधि
- सदस्य सचिव - योजना शाखा प्रमुख

CS CamScanner

५.३ समितिले योजना छनोट, बजेट विनियोजन, म्यादी कर्मचारी भर्ना सम्बन्धी निर्णय, कार्यान्वयन र अनुगमन गर्नेछ।

**६. कार्यान्वयन विधि**

६.१. गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट अनुसार योजना छनौट गरी सार्वजनिक खरिद ऐन नियामावली विपरित नहुने गरि उपभोक्ता समिति, दरभाउपत्र, ठेक्का प्रणालीबाट कार्यान्वयन गरीनेछ ।

६.२. कार्यान्वयन गर्दा पारदर्शिता, गुणस्तर र दीगो प्रयोग हुने सामग्री प्रयोग गर्नुपर्नेछ ।

६.३. संरचना निर्माणपछि स्थानीय समुदाय/सम्बन्धित समिति मार्फत हेरचाह र संरक्षण गराइनेछ ।

६.३ निर्मित संरचना तथा पदमार्ग सरसफाईको लागि समितिले दफा ४(२) बमोजिम आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. अनुगमन र मूल्यांकन**

७.१ कार्यान्वयन समिति तथा गाउँपालिकाले समय समयमा कामको अनुगमन र मूल्यांकन गर्नेछ।

७.२ कार्यसम्पादन गुणस्तर नपुगेमा ठेकेदार/सम्बन्धित निकायलाई सुधार गर्न निर्देशन दिने व्यवस्था हुनेछ।

७.३ सार्वजनिक स्थलमा भएका संरचनाको संरक्षण, मर्मत र दिगोपनामा विशेष ध्यान दिइनेछ।

**८. वितीय व्यवस्था**

८.१ आवश्यक बजेट गाउँपालिकाको वार्षिक कार्यक्रम तथा अन्य उपलब्ध स्रोतहरूबाट व्यवस्था गरिनेछ।

८.२ दातृ निकाय, पर्यटन प्रवर्द्धन कोष, निजी क्षेत्र तथा समुदायबाट सहयोग/साझेदारी पनि गर्न सकिनेछ।

**९. दण्ड र सजाय**

९.१. सार्वजनिक संरचना तोडफोड वा क्षति पुर्याउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ साथै क्षतिको विवरण लिई क्षति पुर्याउनेलाई पुनःनिर्माण गर्न लगाइनेछ ।

**१०. विविध**

१०.१ यस कार्यविधिमा उल्लेख नभएका विषयमा आवश्यक परे गाउँपालिकाले छुट्टै निर्णय गर्नेछ।

१०.२ कार्यान्वयनमा देखिएका व्यावहारिक समस्याहरूलाई समाधान गर्न गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

आज्ञाले
शुशिल लम्साल
प्रमुख प्रशासकीय अधिकृत